# गाउँ कार्यापालिकाको कार्यालय

## भिस्वा, पर्सा

## प्रदेश नं. २, नेपाल

# मोटरसाइकल आपूर्ती सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशन भएको मिति : २०७५/१/२५**

१. यस कार्यालयलाई तपसिलमा उल्लेख सवारी साधन आवश्यक परेकोले योग्य फर्म/कम्पनीहरुबाट खरिद गर्न यो दरभाउ पत्र आह्वान गरिएको छ।

२. योग्य फर्म/कम्पनीहरुले यस सम्बन्धी थप जानकारीको लागि वा सिलवन्दी दरभाउ पत्र सम्वन्धी कागजातहरु हेर्न (अध्ययन गर्न), चाहेमा यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सक्नेछन।

३. यो सुचना प्रकाशित भएको मिति देखी १५ औं दिन सम्म दरभाउ पत्र फारम यस कार्यालयमा सम्बन्धी आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण्ति प्रमाण पत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाण्ति प्रमाण पत्र, स्थायी लेखा नं. (PAN) प्रमाणित प्रमाण पत्र, आ.व. २०७३/०७४ सम्म कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपि नियम अनुसारको तपसिलमा उल्लेख दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरे पछि नियम अनुसार सिलबन्दी दरभाउ पत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ।

४. सिलबन्दी गरिएको दरभाउ पत्र यस कार्यालयमा २०७५/०२/०९ गते दिउँसो १२ बजे भित्र बुझाउनु पर्ने छ। ढिलो गरी प्राप्त भएमा स्वीकार गरिने छैन।

५. तोकिएको समय भित्र पेश भएका दरभाउ पत्रहरु उपस्थित हुन चाहेका प्रस्तावकहरु वा निजको प्रतिनिधिको रोहबारमा यस कार्यालयमा मिति २०७५/०२/०९ गते दिनको २:०० बजे खोलिने छ। पस्तावक वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन।

६. सिलबन्दी दरभाउ पत्र खोलिएको दिन देखी गणना हुने गरी ४५ दिन सम्मको लागि मान्य हुने छ। सिलबन्दी दरभाउ पत्रको साथ जमानत वापतको धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक, वीरगंज स्थित यस कार्यालयको नाममा रहेको धरौटी खाता नं. १२५०३०३००७१०२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त क बर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा ७५ दिन सम्म मान्य भएको निशर्त जमानत पेश गर्नु पर्ने छ।

७. सिलबन्दी दरभाउ पत्र खरिद गर्ने र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यस पछि कार्यालय खोल्ने दिन खरिद गर्ने र पश गर्ने वा खोल्ने वा अन्तिम मिति कायम हुनेछ।

८. कुनै वा सबै सिलबन्दी दरभाउ पत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार खरिदककर्तामा निहित रहने छ।

९. यस सुचनामा उल्लेख नभएको अन्य बिषय प्रचलित ऐन, नियमानुसार हुनेछ।

१०. शिलबन्दी दरभाउ पत्रको कामको विवरण निम्न अनुसार छ।

| ठेक्का नं. | कामको विवरण | संख्या | धरौटी रकम रु | फारम दस्तुर (फिर्ता नहुने गरी) |
|---|---|---|---|---|
| ०५/२०७४/०७५ | मोटरसाइकल अनुमानित १५० सि.सि. (दरभाउ पत्र पुस्तिकामा संलग्न स्पेसिकेशन बमोजिम) | ७ (सात) | ४०,०००।- | १०००।- |

**प्रशासकीय अधिकृत**

Generated by CamScanner